# देशको वर्तमान आर्थिक स्थितिबारे नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

(आर्थिक वर्ष २०६०/६१ को प्रथम महिनाको तथ्याङ्कमा आधारित)

**नेपाल राष्ट्र बैंक**


**कार्तिक २०६०**

# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

*(आर्थिक वर्ष २०६०/६१ को प्रथम महिनाको तथ्याङ्कमा आधारित)*

आर्थिक वर्ष २०६०/६१ को प्रथम महिनामा आर्थिक बर्ष २०५९/६० को प्रथम महिनाको तुलनामा विस्तृत मुद्रा प्रदाय सीमान्त दरले बढेको छ भने संकुचित मुद्रा प्रदायमा ह्रास आएको छ । मुद्रा बजारमा ट्रेजरी बिलको ब्याज दरमा सामान्य वृद्धि भएको छ । धितोपत्र बजारको कुल कारोवारमा केही वृद्धि भएको छ । नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार सरकारको विकास खर्च बढेको भए तापनि साधारण खर्चमा तीब्र ह्रास आएको कारणले कुल सरकारी खर्च ह्रास भएको र गैर-ऋण साधन परिचालनमा सुधार भएको हुँदा बजेट घाटा कम भएको छ । राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क विन्दुगत आधारमा ५.० प्रतिशतले र बार्षिक औसतका आधारमा ४.८ प्रतिशतले वृद्धि भएको छ । आयातको तुलनामा निर्यात उच्च दरमा वृद्धि भएको भए तापनि आयातको आयतन ठूलो भएकोले व्यापार घाटा वृद्धि भएको छ । निजी क्षेत्रको विप्रेषण अत्यधिक रहन गएको कारण चालू खाता  बचतमा रहेको छ । वित्तीय खाता ऋणात्मक रहेको भए तापनि चालू खातामा उच्च बचत रहेको हुँदा आर्थिक वर्ष २०५९/६० भरमा रु. ५ अर्ब २० करोडको शोधनान्तर बचत भएको छ । गत वर्ष २०५८/५९ भरिमा रु. ३ अर्ब ३४ करोडको शोधनान्तर घाटा भएको थियो । मौद्रिक तथ्यांक अनुसार चालु आर्थिक बर्षको प्रथम महिनामा रु. १ करोड ५३ लाखले शोधानान्तर बचत भएको छ । गत आर्थिक बर्षको यसै अवधिमा रु. ९८ करोड ९२ लाखले शोधानान्तर घाटा रहेको थियो । २०६० श्रावण मसान्तमा बैंकिङ्ग क्षेत्रको कुल विदेशी विनिमय संचिति रु. १ खर्ब ८ अर्ब ७६ करोड पुगेको छ जुन ११.२ महिनाको वस्तु आयात र ९.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।


यस वर्ष बैकिङ्ग क्षेत्रको खुद आन्तरिक सम्पत्ति गत वर्षकै स्तरमा रहे तापनि खुद वैदेशिक सम्पत्तिको वृद्धि गत वर्ष घटेकोमा यस वर्ष स्थिर रहेको कारण विस्तृत मुद्रा प्रदाय केही मात्रामा वृद्धि भई रु. २ खर्ब ४३ अर्ब ५० करोड पुगेको छ । विस्तृत मुद्रा प्रदायका दुई अंशहरुमध्ये संकुचित मुद्रा प्रदाय यस वर्षको पहिलो महिनामा ३.८ प्रतिशतले घटेर रु. ७८ अर्ब ३१ करोड रहेको छ । विस्तृत मुद्रा प्रदायको अर्को अंश आवधिक निक्षेप गत वर्ष २.७ प्रतिशतले बढेकोमा यस वर्ष पनि त्यति नै प्रतिशत दरले बढेर रु. १ खर्ब ६५ अर्ब १९ करोड पुगेको छ । बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) गत वर्ष १.१ प्रतिशतले घटेकोमा यस वर्ष गत वर्षकै स्तरमा रही रु. ९१ अर्ब ८३ करोड रहेको छ । बैकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा गत आर्थिक वर्षको प्रथम महिनामा ०.७ प्रतिशतले वृद्धि भएकोमा यस वर्षको सोही अवधिमा ०.१ प्रतिशतले घटेर रु. २ खर्ब २६ अर्ब ७५करोड रहेको छ । बैंकिङ्ग क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा गत वर्ष ०.२ प्रतिशतको सीमान्त दरले वृद्धि भएकोमा यस वर्ष १.५ प्रतिशतले बृद्धि भई रु. १ खर्ब ५१ अर्ब पुगेको छ । वाणिज्य बैंकहरुको विविध कर्जा कार्यक्रमहरु संचालन भई रहेको तथा निर्यात कर्जा पनि बढेकोले यस वर्ष निजी क्षेत्र माथिको दावी केही बढ्न गएको हो । मुद्रा बजारमा ट्रेजरी बिल्सको भारित औसत व्याजदर २०५९ श्रावण महिनाको ३.४२ प्रतिशतबाट २०६० श्रावण महिनामा ४.०३ प्रतिशतमा पुगेको छ ।




नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६०/६१ को पहिलो महिनामा कुल सरकारी खर्च ११.० प्रतिशतले ह्रास भई रु. २ अर्ब ८७ करोडमा सीमित रहेको छ। गत वर्ष यसै अवधिमा सरकारी खर्च ८.७ प्रतिशतले बढेको थियो। कुल सरकारी खर्चमध्ये साधारण खर्च गत वर्ष ३८.५ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष २७.२ प्रतिशतले ह्रास भई रु. ९५ करोडमा सीमित रहेको छ भने विकास खर्च गत वर्ष ८१.४ प्रतिशतको उच्च दरले घटेकोमा यस वर्ष १४.६ प्रतिशतले वृद्धि भई रु. ४ करोड पुगेको छ। फ्रिज खर्च गत वर्ष २.९ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ०.२ प्रतिशतको सीमान्त दरले घटेर रु. १ अर्ब ८८ करोडमा सीमित रहेको छ।

आर्थिक वर्ष २०५९/६० मा ०.८ प्रतिशतको सीमान्त दरले घट्न गएको गैर-ऋण साधन (राजश्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष १७.७ प्रतिशतले बढेर रु. ३ अर्ब ४५ करोड पुगेको छ। सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजश्व गत वर्ष ७.० प्रतिशतले घट्न गएकोमा यस वर्ष १८.१ प्रतिशतले बढेर रु. ३ अर्ब २० करोड पुगेको छ। यस वर्ष आयातमा वृद्धि भएको कारण राजस्व परिचालनमा पनि तदनुरुप सुधार भएको छ। बाह्य अनुदान गत वर्ष रु. ६२ लाख मात्र प्राप्त भएकोमा यस आर्थिक वर्षको पहिलो महिनामा रु. ८ करोड ४० लाख प्राप्त भएको छ। गैर-बजेटरी आय भने गत वर्ष रु. १५ करोड ४१ लाख प्राप्त भएकोमा यस वर्ष रु. २१ करोड ३८ लाख प्राप्त भएको छ।

गैर-ऋण साधन (Non -debt creating resources) भन्दा कुल सरकारी खर्च कम भएकोले चालु आर्थिक वर्षको प्रथम महिनामा रु. ५८ करोडको बचत बजेट रहेको छ। गत वर्ष यस अवधिमा रु.२९ करोडको बजेट घाटा भएको थियो। यस अवधिमा सरकारलाई रु. १५ करोड ७१ लाख बराबरको वैदेशिक नगद ऋण प्राप्त भएको छ। सरकारी कोष अन्तर्गत अन्य शीर्षकमा रु. १ अर्ब २१ करोड भुक्तानी गर्नु पर्ने भएकोले सो खर्च उपरोक्त बचत र विदेशी ऋण समेतबाट पूर्ति गरी नपुग रु. ४७ कारोड २० लाख नेपाल राष्ट्र बैंकबाट अधिविकर्ष उपयोग गरी पूर्ति गरिएको छ। गत वर्ष यसै महिनामा श्री ५ को सरकारले रु. ८ करोड बराबरको अधिविकर्ष उपयोग गरेको थियो।





वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धि दर गत वर्ष ४.२ प्रतिशत रहेकोमा यस वर्ष ५.० प्रतिशत रहेको छ। वार्षिक औसत मूल्य वृद्धि दर भने गत वर्ष यसै अवधिमा ३.० प्रतिशत रहेकोमा यस वर्ष ४.८ प्रतिशत पुगेको छ। विन्दुगत आधारमा गत वर्ष ४.५ प्रतिशतले बृद्धि भएको खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क यस वर्ष ४.२ प्रतिशतले बृद्धि भएको छ। यस वर्ष चिनी तथा चिनीजन्य पदार्थ, तरकारी तथा फलफूल, दलहनको मूल्यमा कमी आएको भए तापनि तेल तथा घ्यू (१८.८ प्रतिशतले), खाद्यान्न (६.८ प्रतिशतले), रेष्टुराँको खाना (७.० प्रतिशतले) तथा मरमसला, माछा मासु तथा फुल, पेय पदार्थ, र दूध, तथा दुग्धजन्य पदार्थको मूल्य बढेको कारण खाद्यान्न तथा पेय पदार्थ समूहको मूल्यमा उपरोक्त बृद्धि हुन गएको हो। गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य गत वर्ष ४.० प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ५.८ प्रतिशतले वृद्धि भएको छ। यातायात र संचार उप-समूहको मूल्य १३.८ प्रतिशतले र घरायसी सामान तथा सेवाको मूल्य १०.४ प्रतिशतले, औषधि तथा व्यक्तिगत हेरचाहको मूल्य ४.१ प्रतिशतले बृद्धि भएको तथा अन्य वस्तुहरुको मूल्य पनि सामान्य बृद्धि भएकोले गैर-खाद्य तथा सेवा समूहको मूल्यमा उपरोक्त बृद्धि भएको हो। क्षेत्रगत आधारमा तराईमा ५.५ प्रतिशतले, पहाडमा ४.६ प्रतिशतले र काठमाडौं उपत्यकामा ४.४ प्रतिशतले मूल्य बृद्धि भएको छ। धानको उत्पादन ह्रासोन्मुख हुनु, पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि गरिनु, खाद्य तेलजन्य वस्तुहरुको मूल्य अन्तर्राष्ट्रिय रुतरमै वृद्धि हुनु आदि कारणहरुले गर्दा यस वर्ष समग्र मूल्य बृद्धिदर ५.० प्रतिशत रहन गएको हो। गत वर्ष २.७ प्रतिशतले वृद्धि भएको थोक मूल्य सूचकाङ्क यस वर्ष ३.१ प्रतिशतले बढेको छ

बाह्य क्षेत्रतर्फ आर्थिक वर्ष २०६०/६१ को प्रथम महिनामा कुल निर्यात ३४.९ प्रतिशतको उच्च दरले बढ्न गई रु. ३ अर्ब ६७ करोड पुगेको छ। आर्थिक वर्ष २०५९/६० मा निर्यात ३८.३ प्रतिशतले घटेको थियो। भारततर्फको निर्यात आर्थिक वर्ष २०६०/६१ को प्रथम महिनामा ५७.९ प्रतिशतको उच्च दरले वृद्धि भई रु. २ अर्ब ५ करोड पुगेको छ। यो निर्यात अघिल्लो आर्थिक वर्षको यसै अवधिमा ४९.७ प्रतिशतले घटेको थियो। तेश्रो मुलुकतर्फको निर्यात आर्थिक वर्ष २०६०/६१ मा १३.९ प्रतिशतले बृद्धि भई रु. १ अर्ब ६२ करोड पुगेको छ। यस्तो निर्यात आर्थिक वर्ष २०५९/६० मा २२.१ प्रतिशतले घटेको थियो। प्रमुख निर्यातजन्य वस्तुहरुमध्ये आर्थिक वर्ष २०६०/६१ मा पश्मिना २१.२ प्रतिशत र गरगहनाको निर्यात ७.४

प्रतिशतले घटे तापनि तयारी पोशाकको निर्यात १५.९ प्रतिशत, ऊनी गलैंचा ३.७ प्रतिशतले र प्रशोधित छालाको निर्यात ३१८.० प्रतिशतले बृद्धि भएकोले त्यस तर्फको कुल निर्यात बृद्धि भएको  हो ।


कुल आयात आर्थिक वर्ष २०५९/६० मा ६.० प्रतिशतले घटेकामा आर्थिक वर्ष २०६०/६१ मा १९.६ प्रतिशतले बृद्धि भई रु. ९ अर्ब ७५ करोड पुगेको छ । भारतबाट भएको आयात आर्थिक वर्ष २०५९/६० मा ०.१ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६०/६१ को प्रथम महिनामा २४.३ प्रतिशतले बृद्धि भएको छ । त्यस्तै, तेश्रो मुलुकबाट भएको आयात आर्थिक वर्ष २०५९/६० मा १२.६ प्रतिशतले घटेकोमा यस वर्ष १३.५ प्रतिशतले बृद्धि भएको छ । भारतबाट आयातित वस्तुहरुमध्ये चामल, कृषि उपकरण तथा पूर्जाहरु, विद्युतीय उपकरणहरु, टायर ट्यूब, एम.एस. बिलेट, औषधि, फलफुल, तरकारी, नून, पेट्रोलियम पदार्थ, यातायातका साधन, औद्योगिक रसायन र अन्य यन्त्र तथा  पूर्जाहरुको आयात बढ्न गएको छ भने तेश्रो मुलुकबाट खाद्य तेल, सुकमेल, सुपारी, धागो, जिंक इंगट, स्टील सिट, तामाको तार तथा पाता, कच्चा सोयाविन तेल, टायर तथा ट्यूव, विद्युतीय सामान तथा उपकरणहरु, औषधि, तयारी पोशाक, श्रृंगारका सामान, कागज, अन्य यन्त्र तथा पूर्जाहरु, कच्चा ऊन, प्लाष्टिक दाना, दूरसंचारका उपकरण तथा पूर्जाहरु जस्ता मुख्य वस्तुहरुको आयात बढेको छ । आर्थिक वर्ष २०५९/६० मा २७.३ प्रतिशतले घटेको कुल व्यापार घाटा आर्थिक वर्ष २०६०/६१ को प्रथम महिनामा आयातको तुलनामा निर्यात बढी दरले वृद्धि भएको कारण ११.९ प्रतिशतले मात्र बढेर रु. ६ अर्ब ८ करोड पुगेको छ। भारतसंगको ब्यापार घाटा आर्थिक वर्ष २०५९/६० मा ६३.५ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६०/६१ मा ११.१ प्रतिशत बढेको छ । तेस्रो मुलुकतर्फको ब्यापार घाटा आर्थिक वर्ष २०५९/६० मा ५.० प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६०/६१ मा १३.३ प्रशितले बृद्धि भएको छ । परिणामस्वरुप, आर्थिक वर्ष २०५९/६० मा ३३.४ प्रतिशत रहेको निर्यात/आयात अनुपात आर्थिक वर्ष २०५९/६० मा ३७.६ प्रतिशत पुगेको छ । भारततर्फको निर्यात⌧आयात अनुपात आर्थिक वर्ष २०५९/६० को २८.३ प्रतिशतबाट आर्थिक वर्ष २०६०/६१ मा केही बढेर ३५.९ प्रतिशत पुगेको छ । तेश्रो मुलुकतर्फको यो अनुपात भने यस वर्ष को ३९.९ प्रतिशतबाट सीमान्त वृद्धि भई आर्थिक वर्ष २०६०/६१ मा ४०.० प्रतिशत पुगेको छ



शोधनान्तर स्थितितर्फ पहिले प्रकाशित हुँदै आएको ढाँचालाई आर्थिक वर्ष २०५९/६० को दशौं महिना (बैशाख) देखि परिवर्तन गरी बढी वास्तविक र अन्तर्राष्ट्रिय स्तर अनुरुपको बनाई प्रकाशित गरिएको छ । यसरी नयाँ ढाँचामा तथ्याङ्क प्रकाशन गर्दा कतिपय नयाँ शीर्षकहरु समावेश गरिएको छ भने कतिपय पहिलेका शीर्षक तथा उपशीर्षकहरुले समेट्न नसकेका पक्षहरुलाई पनि समेट्ने प्रयास गरिएको छ । यसैगरी नयाँ ढाँचामा भारतलाई बिक्री गरिएको पेट्रोलियम पदार्थ निर्यातमा समावेश गरिएको छ । यसको अतिरिक्त नेपालबाट भारतलाई बिक्री गरिएको विद्युत् तथा विदेशी हवाइजहाजहरुले नेपालमा भरेको इन्धनको मूल्यलाई समेत निर्यातमा समावेश गरिएको छ ।

आर्थिक वर्ष २०५९/६० को शोधनान्तर तथ्याङ्क अनुसार सेवा आयमा भएको वृद्धिको तुलनामा भुक्तानीको वृद्धिदर कम रहेकोले सेवा क्षेत्रमा बचत भएको छ । यो बचतबाट व्यापार घाटाको ७.८ प्रतिशत भाग पूरा भएको छ । गत वर्षको तुलनामा यस वर्ष लगानी आय ४.४ प्रतिशतले वृद्धि भएको तथा खर्च ५.३ प्रतिशतले बढ्न गएको हुँदा वस्तु, सेवा तथा आयतर्फको समग्र घाटा ३३.७ प्रतिशतले वृद्धि भई रु. ६६ अर्ब ४८ करोड पुगेको छ । गत वर्ष यस्तो घाटा ६.५ प्रतिशतले मात्र वृद्धि भएको थियो । निजी क्षेत्रको विप्रेषण अत्यधिक रहन गएको कारण यस वर्ष रु. ८ अर्ब ३८ करोडले चालु खाता बचत हुन गएको छ । वित्तीय खातातर्फ यस वर्ष प्रत्यक्ष वैदेशिक लगानी तथा खुद सरकारी ऋण आप्रवाहमा ह्रास आएको हुँदा वित्तीय खाता ऋणात्मक रहेको भए तापनि चालु खातामा उच्च बचत रहेको तथा विविध पूँजी आप्रवाह भएको कारण समग्रमा रु. ५ अर्ब २० करोडको शोधनान्तर बचत भएको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा रु. ३ अर्ब ३४ करोड बराबरको शोधनान्तर घाटा भएको थियो ।

२०६० श्रावण मसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको कुल विदेशी विनिमय संचिति रु. १ खर्ब ८ अर्ब ७६ करोड पुगेको छ जसमध्ये परिवर्त्य संचिति रु. ९८ अर्ब ३ करोड रहेको छ । २०५९ श्रावणको तुलनामा परिवर्त्य संचिति २२.९ प्रतिशतले बढेको छ भने अपरिवर्त्य संचिति ५७.३ प्रतिशतले घटेको छ । गत बर्ष परिवर्त्य संचिति १.९ प्रतिशतले वृद्धि भएको र अपरिवर्त्य संचिति ३.५ प्रतिशतले घटेको थियो । कुल संचितिमा २०६० श्रावणमा परिवर्त्य संचितिको अंश ९०.१ प्रतिशत र अपरिवर्त्य संचितिको अंश ९.९ प्रतिशत छ । २०५९ श्रावणमा यस्तो अंश कमशः ८९.८ प्रतिशत र १०.२ प्रतिशत थियो । नेपाली कामदारहरुबाट प्राप्त बिप्रेषणको आप्रवाह बढेकोले यस बर्ष परिवर्त्य संचितिको अंश बढेको हो ।



धितोपत्र बजारमा गत वर्षको तुलनामा यस वर्ष संख्यात्मक तथा रकमगत कारोवारमा वृद्धि भएको छ । कुल शेयर कारोवार रकम २०५९ श्रावणको तुलनामा २०६० श्रावणमा १८.५ प्रतिशतले वृद्धि भई रु. ४ करोड ५१ लाख रहेको छ । कारोवार भएको शेयर संख्या २०५९ श्रावणको तुलनामा २०६० श्रावणमा ३४.२ प्रतिशतले बढेर १ लाख ९६ हजार पुगेको छ । सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण २०५९ श्रावणको तुलनामा २०६० श्रावणमा ६.९ प्रतिशतले वृद्धि भई रु. ३६ अर्ब ९४ करोड पुगेको भए तापनि नेप्से परिसूचकाङ्कमा भने गत आर्थिक वर्षको तुलनामा १८.६७ विन्दु (८.२ प्रतिशत) ले ह्रास भई २०७.९२ रहेको छ ।

***